# <u>२ वर्षमै राष्ट्रिय खाद्य बैंक लि. द्वारा चौथो शाखा स्थापना</u>

फाल्गुन-५, २०७९ |अखण्ड पछलडङ्गीया

चौथो शाखाको रुपमा राष्ट्रिय खाद्य बैंक द्वारा हुम्लाको सर्केगाड गाउँपलिकामा शाखा कार्यालय स्थापना गरिएको छ | "पोषिलो आहारको लागि दिगो कृषि उत्पादन, हाम्रो अभियान" भन्ने मूल नाराको साथ स्थापना भएको यस बैंकले कर्णाली प्रदेशलाई मध्य नजर गर्दै त्यहाँ शाखा कार्यालय स्थापना गरेको हो |



बिगतको वर्षहरुमा २ वटा कृषि परियोजनाको रूपमा रहेको झापा र बर्दिया कार्यालय र पोखराको चिप्लेढुंगामा स्थित सम्पर्क कार्यालय बाट बैंकले २२ वटा जिल्लाहरुमा काम गरिरहेको र यस खाद्य बैंकले हुम्लामा २७औं जिल्लाको रूपमा आफ्नो कार्य विस्तार गरेको छ | स्वदेशी, अर्गानिक तथा रैथाने बालीको उत्पादन, प्रबर्धन र बजारीकरणमा केन्द्रित रहेर कार्य गर्दै आएको यस बैंकले रैथाने बालीको उत्पादनमा जोड दिने गरि पालिकाको कृषक र कृषि समूह लगायतका सरोकारवालाहरुलाई सहभागिता गराएर शाखा कार्यालयको उत्घाटन गरेको हो |

बिगत २ बर्ष देखि कर्णाली प्रदेश सरकारले "रैथाने बाली संरक्षण तथा प्रबर्धन दिवस" मनाउदै आएको छ | प्रदेश सरकारले कर्णालीलाई 'अर्गानिक प्रदेश' बनाउने निर्णय गरे संगै प्रांगारिक मल प्रयोग गरि त्यहाँको रैथाने बालि जस्तै फापर, कोदो, कागुनो, चिनो, सिमि, मार्शी चामल, जौ, लट्टे, उवा लगायतको उत्पादन वृधी गर्ने, संरक्षण गर्ने, प्रबर्धन गर्ने, साथै प्रचार प्रसारमा पनि जोड दिने भएको छ |

यसै अनुरुप राष्ट्रिय खाद्य बैंक ले आफ्नो हुम्लाको शाखा बाट त्यहाँको कृषकहरु लाई अर्गानिक रैथाने बालि उत्पादन गर्न प्रोत्साहन गर्ने र उत्पादित खाद्य बस्तुहरुलाई ग्रेडिङ, प्रशोधन, प्याकेजिङ गरि बैंकको आफ्नै मार्ट, **RKB Mart** बाट बिक्रि वितरण गर्ने योजना रहेको बैंकको कार्यकारी अध्क्षय शंकर नाथ उप्रेतीले बताउनु भएको छ |